**अर्जुनधारा नगरपालिका**

**नगर कार्यपालिकाको बैठक**

बैठक संख्या: ८३

मिति: २०७६/११/१९

उपस्थिति

| | | | | |
|---|---|---|---|---|
| १ | नगर प्रमुख | श्री हरिकुमार राना | अध्यक्ष | |
| २ | उप प्रमुख | श्री कमला खतिवडा आचार्य | सदस्य | |
| ३ | प्रमुख प्रशासकीय अधिकृत | श्री पंकज भूर्तेल | सचिव | |
| ४ | वडा अध्यक्ष,वडा नं १ | श्री गजाधर खतिवडा | सदस्य | |
| ५ | वडा अध्यक्ष,वडा नं २ | श्री रघुनाथ खनाल | सदस्य | |
| ६ | वडा अध्यक्ष,वडा नं ३ | श्री जीवकुमार भण्डारी | सदस्य | |
| ७ | वडा अध्यक्ष,वडा नं ४ | श्री दुर्गाप्रसाद दाहाल | सदस्य | |
| ८ | वडा अध्यक्ष,वडा नं ५ | श्री ध्यानबहादुर भारती | सदस्य | |
| ९ | वडा अध्यक्ष,वडा नं ६ | श्री लोकनाथ गौतम | सदस्य | |
| १० | वडा अध्यक्ष,वडा नं ७ | श्री नवराम ढुङ्गाना | सदस्य | |
| ११ | वडा अध्यक्ष,वडा नं ८ | श्री गोपिचन्द्र गौतम | सदस्य | |
| १२ | वडा अध्यक्ष,वडा नं ९ | श्री पुष्पकुमार प्रसाई | सदस्य | |
| १३ | वडा अध्यक्ष,वडा नं १० | श्री बलदेवसिंह गोम्देन | सदस्य | |
| १४ | वडा अध्यक्ष,वडा नं ११ | श्री भैरबबहादुर खड्का | सदस्य | |
| १५ | कार्यपालिका सदस्य | श्री दिलमाया दास | सदस्य | |
| १६ | कार्यपालिका सदस्य | श्री खिनमान दर्जी | सदस्य | |
| १७ | कार्यपालिका सदस्य | श्री शारदाकुमारी भट्टराई | सदस्य | |
| १८ | कार्यपालिका सदस्य | श्री रमेश कुमार दर्जी | सदस्य | |
| १९ | कार्यपालिका सदस्य | श्री दिलिप गुरुङ्ग | सदस्य | |
| २० | कार्यपालिका सदस्य | श्री हरिमाया भण्डारी | सदस्य | |
| २१ | कार्यपालिका सदस्य | श्री शकुन्तला बराल | सदस्य | |
| २२ | कार्यपालिका सदस्य | श्री लक्ष्मी तामाङ्ग | सदस्य | |
| | | | | |

Scanned by TapScanner

बैठक संख्या ८३

मिति २०७६/११/१९

**मिति २०७६ साल फाल्गुण १९ गते बसेको नगर कार्यपालिका बैठकका निर्णयहरु**

१. अर्जुनधारा नगरपालिका वडा नं ५ र ६ को सिमानामा रहेको जिर्ण पुलको मर्मत तथा पुनर्निर्माणका लागि प्राविधिक लगत स्टमेट तयार गरी आगामी बैठकमा पेश गर्ने ।

२. अर्जुनधारा नगरपालिका क्षेत्र भित्ररहेका नदिहरुबाट नदिजन्य सामाग्री उत्खनन संकलन तथा ढुवानीका लागि पटक पटक ठेक्का आह्वान गर्दा तथा मिति २०७६/११/१८ मा सार्वजनिक डाक बढाबढका लागि आह्वान गर्दा समेत कुनै प्रस्ताव पेश नभएकाले अर्जुनधारा नगरपालिकाको आन्तरिक आय (ठेक्का बन्दोवस्ती ) कार्यविधि बमोजिम वार्ताका माध्यमबाट उक्त ठेक्का बन्दोवस्ति गर्न देहायानुसारको वार्ता समिति गठन गर्ने ।

| | |
|---|---|
| नगर उप प्रमुख श्री कमला खतिवडा आचार्य | संयोजक |
| प्रमुख प्रशासकीय अधिकृत श्री पंकज भूर्तेल | सदस्य |
| वडा अध्यक्ष वडा नं ३ श्री जीवकुमार भण्डारी | सदस्य |
| वडा अध्यक्ष वडा नं ६ श्री लोकनाथ गौतम | सदस्य |
| कार्यपालिका सदस्य श्री रमेश त्रिखत्री | सदस्य |

उक्त समितिले सम्बन्धित व्यवसायीहरुसँग वार्ता गरी सो को प्रतिवेदन कार्यपालिका बैठकमा पेश गर्ने ।

३. अर्जुनधारा नगरपालिका वडा नं ११ मा रहेको बन्दी सहायता नेपाल जाने सडक मर्मत तथा स्तरोन्नतिका लागि कार्यालयको व्याक हो लोडर ४ घण्टाका लागि निःशुल्क उपलब्ध गराउने साथै बाटोमा काठको पुल निर्माण गर्नका लागि नगरपालिका कार्यालय परिसरमा रहेका पुराना काठहरु आवश्यकता अनुसार उपलब्ध गराउने ।

साथै, कार्यालयको व्याक हो लोडर अर्जुनधारा-९ स्थित अस्पताल निर्माणका लागि प्राप्त जग्गा सम्म जाने सडक मर्मतका लागि १ दिन तथा वडा नं ५ को कार्यालय जाने सडक मर्मतका लागि ४ घण्टा निःशुल्क उपलब्ध गराउने ।यसको लागि लाग्ने इन्धन तथा चालक/सहचालक भत्ता मर्मत सम्भार कोषबाट खर्च गर्ने ।

४. अर्जुनधारा -२ स्थित टाङटिङ नदि किनारमा रहेको ऐलेनी जग्गाको साँध सिमाना यकिन गर्ने कार्यका लागि वडा नं १,२ र ३ का वडा अध्यक्ष तथा कार्यपालिका सदस्य श्री दिलमाया दास तथा नगरपालिकाका अमिनलाई जिम्मेवारी दिने । साँध सिमाना यकिन भए पश्चात उक्त जमिनमा औद्योगिक ग्राम निर्माण गरी सञ्चालन गर्ने ।

५. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत खर्च गर्ने गरी संघीय सरकारबाट प्राप्त अनुदान रकम प्रत्येक वडामा ४/४ लाख पर्ने गरी विनियोजन गर्ने । उक्त रकमबाट सञ्चालन गर्ने योजना सम्बन्धित वडा समितिले छनौट गरी सञ्चालन गर्ने ।

६. मिति २०७६/११/०४ गतेबाट सञ्चालन भएको नगर महोत्सव पूर्व तयारी कार्यक्रममा विभिन्न शाखाहरुले प्रदान गरेका सेवाहरुको प्रगति विवरण बैठकमा छलफल गरियो । नगर महोत्सव तयारीका विषयमा थप छलफल आगामी बैठकमा गर्ने ।

७. महामारीको रुपमा विश्वमा फैलिरहेको कोरोना भाइरसबारे जनचेतनामूलक कार्यक्रमहरु सबै वडाहरुमा सम्बन्धित वडा समितिको सहजिकरणमा नगरपालिकाको स्वास्थ्य शाखा मार्फत यथाशिघ्र सञ्चालन गर्ने ।

८. यस नगरपालिकाका पूर्व कर्मचारी श्री राजविक्रम खड्काले कार्यालयबाट संकलित राजश्व बैंक दाखिला गर्ने क्रममा बढी दाखिला भएको रु १,४०,०००/- (एक लाख चालिस हजार मात्र ) रकम निजलाई फिर्ता गर्ने ।

हरी कुमार राना मगर
नगर प्रमुख

Scanned by TapScanner

९. अर्जुनधारा नगरपालिकाको स्वामित्वमा रहेको मालवाहक ट्रिपरका लागि ट्रिपर भाडामा लैजाने निकायले इन्धन तथा सवारी चालक एवं सहयोगिको दैनिक भत्ता स्वयंले व्यवस्थापन गर्ने गरी प्रतिदिन रु ५ हजार भाडा कायम गरी भाडामा लगाउने।

१०. अर्जुनधारा नगरपालिका वडा नं ८ बस्ने श्री खड्गप्रसाद गौतमले नगरपालिकाको स्वामित्वमा रहेको व्यवसायिक भवनमा भाडा गरी बस्दा बुझाउनु भएको धरौटी रकम रु २५ हजार मात्र निजले उक्त कोठा छोड्नु भएको हुँदा फिर्ता गर्ने।

साथै, शनिश्चरे बजार स्थित व्यवसायिक भवनको खाली रहेको कोठा नं १९ मा व्यवसाय सञ्चालनका लागि विनोद खातीलाई भाडामा दिने।

११. देहायानुसारका व्यक्ति संघसंस्था तथा आयोजनाका लागि देहायानुसार बजेट विनियोजन गर्ने।

| क्र.सं. | विवरण | रकम (रु) | खर्च श्रोत |
|---|---|---|---|
| १ | अर्जुनधारा-३ स्थित कैदले खानेपानी मर्मत तथा विस्तार | ५ लाख मात्र। | स्वच्छ खानेपानी योजना |
| २ | अर्जुनधारा-१० स्थित सालबाडी खानेपानी योजनाको पाइप विस्तारका लागि | ५ लाख मात्र। | स्वच्छ खानेपानी योजना |
| ३ | मंगलमणी स्मृति प्रतिष्ठान कार्यालय सामाग्री खरिद | २ लाख मात्र। | सामाजिक सेवा अनुदान |
| ४ | सुखानी स्मृति प्रतिष्ठानलाई महिला फुटबल सञ्चालनका लागि | १ लाख मात्र। | खेलकुद विकास समिति |
| ५ | अर्जुनधारा जेसिजको कार्यक्रममा सहभागिताका लागि | ५० हजार मात्र। | सामाजिक सेवा अनुदान |
| ६ | प्रेस क्लब अर्जुनधाराको साधारण सभा तथा महासंघ सदस्यता सम्बन्धि कामकाजका लागि | ५० हजार मात्र | सामाजिक सेवा अनुदान |
| ७ | सगरमाथा आरोहण सहयोग | २५ हजार मात्र। | सामाजिक सेवा अनुदान |
| ८ | तुल श्रेष्ठ, अर्जुनधारा-७ लाई धर्मश्री प्रतियोगिता तयारीका लागि | १ लाख मात्र। | खेलकुद विकास समिति |
| ९ | आयुर्वेद शाखाका लागि साइकल खरिद गर्न | १० हजार मात्र। | कार्यालय सञ्चालन |
| १० | विभिन्न विद्यालयहरुमा शैक्षिक सामाग्री खरिद गरी वितरण गर्न | ५० हजार मात्र। | सामाजिक सेवा अनुदान |
| ११ | प्रत्येक वडाका १/१ जना महिलाका लागि महिला लक्षित कार्यक्रम सञ्चालनका लागि | ३ लाख मात्र। | वडा नं २ र ६ को महिला लक्षित कार्यक्रमबाट |

१२. All India Institute of Local Self Government द्वारा 5th March,2020 बाट छिमेकी देश भारतको गोवामा सञ्चालन हुने 5th South Asian Summit मा सहभागिताका लागि देहायानुसारका पदाधिकारीलाई मनोनयन गर्ने तथा भ्रमण स्वीकृतिका लागि नेपाल सरकारमा पठाउने।

नगर प्रमुख, श्री हरिकुमार राना

वडा अध्यक्ष वडा नं २ श्री रघुनाथ खनाल

वडा अध्यक्ष वडा नं ८ श्री गोपिचन्द्र गौतम

वडा अध्यक्ष वडा नं १० श्री बलदेवसिंह गोम्देन तामाङ्ग

लेखा अधिकृत श्री रामचन्द्र घिमिरे

योजना शाखा प्रमुख श्री हिमराज सेडाई

१३. कृषि विकास शाखाको वार्षिक कार्यक्रम अन्तर्गत भकारो सुधार कार्यक्रम तर्फको सशर्त अनुदानबाट विनियोजित रु ३ लाख तथा नगरपालिकाबाट विनियोजित रकम रु २ लाख गरी जम्मा रकम रु ५ लाख लाई

हरी कुमार राना मगर
नगर प्रमुख

Scanned by TapScanner

१ वटा भकारो सुधार कार्यक्रम बापत रु ५,२००/- (पाँच हजार दुई सय मात्र ) अनुदान रकम देहायानुसार उपलब्ध गराउने ।

क. कृषि समूहहरु ७१ वटा

ख. कृषि फर्महरु ९ वटा

ग. व्यक्तिगत १६ वटा

१४. कृषि विकास शाखाको प्रस्तावनामा आधारित कार्यक्रमका लागि शाखामा माग भए अनुसार देहायानुसारका कृषक समूहलाई निम्नानुसारको अनुदान उपलब्ध गराउने ।

| सि.नं. | कृषक समुह/फर्मको नाम | संचालन गर्ने कृयाकलाप | जम्मा लागत | नगरपालिका वाट उपलब्ध अनुदान | कृषक समुहले ब्यहोर्ने रकम |
|---|---|---|---|---|---|
| १. | शान्ती महिला कृषक समुह, अर्जुनधारा -१ | च्याउ खेतीको लागि मोटर तथा ड्रम खरिद | ३०,०००।- | २०,०००।- | १०,०००।- |
| २ | उर्मिला सखख़र ब्यवसायि अर्जुनधारा-५ | संरचा निर्माण (गोदामको लागि ) | ४०,०००।- | २५,०००।- | १५,०००।- |
| ३. | न्यू पाथिभरा कृषक समुह, अर्जुनधारा-४ | तालिम संचालन तरकारी विउ वितरण | ३०,०००।- | २०,०००।- | १०,०००।- |
| ४. | विशु कृषि फर्म, अर्जुनधारा ५ | सिंचाईको लागि मोटर र पाईप | ५८,८००।- | ३०,०००।- | २८,८००।- |
| ५. | लक्ष्मीधाप कृषक समुह अर्जुनधारा-११ | सिंचाईको लागि मोटर र पाईप | ४५,०००।- | ३०,०००।- | १५०००।- |
| | | | १,९३,८००।- | १,२५,०००।- | ७८,८००।- |

१५. अर्जुनधारा नगरपालिकाको कार्यालयमा आवश्यक प्राविधिक तथा श्रेणीविहिन कर्मचारीको सेवा करारमा लिनका लागि प्रक्रिया अघि बढाउने मिति २०७६/१०/०६ को निर्णयानुसार सेवा करारमा लिने जनशक्ति छनौटका लागि मापदण्ड नगर प्रमुख स्तरीय निर्णयबाट स्वीकृत गर्ने ।

१६. अर्जुनधारा ११ स्थित ए एम एस कृषि फर्म मा रहेको करिब ३००० वटा लेयर कुखुरा अचानक मरी करिब ६० लाख बराबरको क्षति पुगेको भन्ने पशुपंक्षि विकास शाखाबाट प्राप्त प्रतिवेदन अनुसार पशुपंक्षि विकास शाखाको दैवी विपत्ति पिडितलाई आर्थिक सहयोग गर्न विनियोजित बजेटबाट राहत उपलब्ध गराउने ।

१७. अर्जुनधारा नगरपालिकाको आयुर्वेद शाखाको सेवा खुदुनाबारीमा समेत विस्तार गर्ने नगर कार्यपालिकाको निर्णयानुसार अर्जुनधारा-३ मा रहेको स्वास्थ्य चौकी खुदुनाबारीको भवनबाटै आयुर्वेद शाखाको सेवा सञ्चालन गर्ने ।

१८. अर्जुनधारा नगरपालिका कार्यपालिका सदस्य श्री खिनमान दासकी कान्छी बुहारी श्री चन्द्रकला दर्जीको मिति २०७६/११/१८ मा भएको असामयिक निधन प्रति गहिरो दुःख व्यक्त गर्दै शोक सन्तप्त परिवारजनमा यो बैठक शोक समवेदना व्यक्त गर्दछ ।

हरी कुमार राना मगर
नगर प्रमुख

Scanned by TapScanner